फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम ,
कोशी प्रदेश, नेपाल

प.सं २०७९/८० मिति:-२०८०/०३/०५
च.नं. ४२८२

**विषयः- योजना/कार्यक्रम फरफारक तथा भुक्तानी सम्बन्धी अन्त्यन्त जरुरी सूचना ।**

श्री सरोकारबालाहरु सबै ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भएको व्यवस्था बमोजिम सम्पूर्ण आर्थिक कारोबारको भुक्तानी आर्थिक बर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै सम्पन्न गरी संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको निकाशा खर्च नभई बाँकि रहेमा बाँकी रहेको रकम समेत फिर्ता गरिसक्नुपर्ने कानूनी व्यवस्था भएको तथा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा असार महिनाको अन्त्यमा अत्याधिक चाप पर्न गई सिस्टममा खर्च लेखाङ्कन कार्यमा समस्या हुने साथै बर्षादका कारण बाढि,पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण विद्युत तथा ईन्टरनेट समेत प्रभावित हुन सक्ने हुँदा यस कार्यालयसँग सम्झौता गरी यस गाउँपालिका भित्र संचालनमा रहेका योजना तथा कार्यक्रमहरुको भुक्तानी प्रयोजनका लागि आवश्यक कार्य सम्पन्न/स्वीकार प्रतिवेदन,बिल भर्पाई एवम् योजना तथा कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण कागजात सहित मिति:-२०८० असार १५ गरेभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ ।

तोकिएको समयभन्दा पछि कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही हुनेछैन । समय सीमा भन्दा पछी प्राप्त हुने योजना तथा कार्यक्रमको भुक्तानी बाँकि रहेमा आगामी आर्थिक बर्षमा दायित्व समेत नसर्ने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रदिप चम्लागाई
आर्थिक प्रशासन शाखा प्रमुख

बिष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:- श्रीमान् अध्यक्ष ज्यू फेदाप गाउँपालिका ।

Email:Fedap.ruralmun@gmail.com | Facebook:www.facebook.com/fedap.rural.municipality | Website:www.phedapmun.gov.np